# सर्वोच्च अदालतको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनको सम्बन्धमा

## प्रेस विज्ञप्ति

२०८१।११।२७

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन मिति २०८१।११।२७ मा प्रस्तुत गर्नुभयो। प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालतलगायत मातहत अदालत एवम् न्यायाधिकरणमा आर्थिक वर्ष २०८०/०८१ मा भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकीय कार्यसम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गरिएको छ।

### १. मुद्दा फछ्र्यौटतर्फ

### १.१ देशभरिको समग्र स्थिति

सर्वोच्च अदालतलगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या **१,६०,३९५ (एक लाख साठी हजार तीस सय पन्चान् नव्वे)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,२७,९६२ (दुई लाख २७ हजार नौ सय बैसठ्ठी) गरी जम्मा मुद्दाको वार्षिक लगत **३,८८,३५७ (तीन लाख अठासी हजार तीन सय सन्ताउन्न)** कायम भएकोमा २,२६,१८५ **(दुई लाख छब्बीस हजार एक सय पचासी)** अर्थात् **५८.२४ प्रतिशत** मुद्दा फछ्र्यौट भई **१६२१७२ (एक लाख बैसठ्ठी हजार एक सय बहत्तर) मुद्दा बाँकी रहेका छन्।** जुन गत वर्षको तुलनामा **प्रतिवेदन वर्षमा ११.३६ प्रतिशत** बढी मुद्दा फर्छ्यौट भएको छ भने पूराना वक्यौता मुद्दा गत वर्ष **असार मसान्तसम्म २४,७३५** थान रहेकोमा प्रतिवेदन वर्षमा उक्त संख्या **२८.२३ प्रतिशतले घटी १७,७५२ बाँकी** रहेको छ।

### १.२ सर्वोच्च अदालत

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या **२८,४३२ (अठ्ठाइस हजार चार सय बत्तीस)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **१२,८१७ (बाह्र हजार आठ सय सत्र)** गरी जम्मा मुद्दाको लगत ४१,२४९ **(एक्चालीस हजार दुई सय उनन्चास)** कायम भएकोमा सोमध्ये **१५,५२१ (पन्ध्र हजार पाँच सय एक्काइस)** अर्थात् **३७.३७ प्रतिशत** मुद्दा फछ्र्यौट भई **२५,७२८ (पच्चीस हजार सात सय अठ्ठाइस)** मुद्दा बाँकी रहेको छ। ***जुन गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा २१.६४ प्रतिशत बढी मुद्दा फर्छ्यौट भएको छ भने पूराना वक्यौता मुद्दा गत वर्ष असार मसान्तसम्म १५,१४६ थान रहेकोमा प्रतिवेदन वर्षमा उक्त संख्या २०.९२ प्रतिशतले घटी ११,९७७ बाँकी रहेको छ।***

### १.३ उच्च अदालत तथा इजलासहरु

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/प्रतिवेदनको संख्या २५३६७ (पच्चीस हजार तीन सय सठ्सठी) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **५५,८७२ (पचपन्न**

हजार आठ सय बहत्तर) गरी मुद्दाको जम्मा लगत ८१,२३९ (एकासी हजार दुई सय उनन्चालीस) कायम भएकोमा **५६,०१४ (छपन्न हजार चौध)** मुद्दा अर्थात् ६८.९५ प्रतिशत फछ्र्यौट भई **२५,२२५** (पच्चीस हजार दुई सय पच्चीस) मुद्दा बाँकी रहेको छ। *जुन गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा ७.१० प्रतिशत बढी मुद्दा फर्छ्यौट भएको छ भने पूराना वक्यौता मुद्दा गत वर्ष असार मसान्तसम्म ४३० थान रहेकोमा प्रतिवेदन वर्षमा उक्त संख्या ७७.९० प्रतिशतले घटी ९५ बाँकी रहेको छ।*

### १.४ जिल्ला अदालत

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको मुद्दा, रिट र निवेदन/ प्रतिवेदनको संख्या **१,०४,६६८** (एक लाख चार हजार छ सय अठ्सठ्ठी) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **१,५७,००४** (एक लाख सन्ताउन्न हजार चार) गरी मुद्दाको जम्मा लगत **२,६१,६७२ (दुई लाख एकसठ्ठी हजार छ सय बहत्तर)** कायम भएकोमा **१,५१,६४६ (एक लाख एकाउन्न हजार छ सय छयालीस)** मुद्दा अर्थात् **५७.९५ प्रतिशत** फछ्र्यौट भई **१,१०,०२६ (एक लाख दश हजार छब्बीस)** मुद्दा बाँकी रहेको छ। *जुन गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा १२ प्रतिशत बढी मुद्दा फर्छ्यौट भएको छ भने पूराना वक्यौता मुद्दा गत वर्ष असार मसान्तसम्म ८७२९ थान रहेकोमा प्रतिवेदन वर्षमा उक्त संख्या ३५.७३ प्रतिशतले घटी ५६१० बाँकी रहेको छ।*

### १.५ अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको मुद्दा र निवेदन/ प्रतिवेदनको संख्या **१,९२८ (एक हजार नौ सय अठ्ठाइस)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,२६९ (दुई हजार दुई सय उनहत्तर) गरी मुद्दाको जम्मा लगत **४,१९७ (चार हजार एक सय सन्तान्नब्बे)** कायम भएकोमा ३,००४ **(तीन हजार चार)** मुद्दा अर्थात् ७१.५७ **प्रतिशत** फछ्र्यौट भई **११९३** (एक हजार एक सय त्रियानब्बे) मुद्दा बाँकी रहेको छ। *जुन गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा ५.६९ प्रतिशत बढी मुद्दा फर्छ्यौट भएको छ भने पूराना वक्यौता मुद्दा गत वर्ष असार मसान्तसम्म ४३० थान रहेकोमा प्रतिवेदन वर्षमा उक्त संख्या ८३.७२ प्रतिशतले घटी ७० बाँकी रहेको छ।*

## २. फैसला कार्यान्वयनतर्फ

### २.१ कैदतर्फ

प्रतिवेदन वर्षमा कैदतर्फको लगत १,७१,५९२ वर्ष ८ दिन **(एक लाख एकहत्तर हजार पाँच सय बयान्नब्बे वर्ष आठ दिन)** रहेकोमा सोमध्ये ५६९५४ वर्ष ८ महिना ८ दिन **(छपन्न हजार नौ सय चउन्न वर्ष आठ महिना आठ दिन)** अर्थात् ३३.१९ प्रतिशत कैद असुल भई ११४६३७ वर्ष ४ महिना १० दिन **(एक लाख चौध हजार छ सय सैंतीस वर्ष चार महिना दश दिन)** कैद असुल हुन बाँकी रहेको छ।

### २.२ जरिवानातर्फ

प्रतिवेदन वर्षमा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कुल लगत रू. ४४,५०,३२,११,१२४ **(चवालीस अर्ब पचास करोड बत्तीस लाख एघार हजार एक सय चौवीस)** रहेकोमा सोमध्ये रू.१,२३,८३,६०,६९० **(एक अर्ब तेइस करोड त्रियासी लाख साठी हजार छ सय नब्बे)** अर्थात् २७.८३

प्रतिशत असुल भई रू.३२,११,९६,०४,२२३ (बत्तीस अर्ब एघार करोड छयान्नब्बे लाख चार हजार दुई सय तेइस) रुपैयाँ असुल हुन बाँकी रहेको छ।

## २.३ फैसला कार्यान्वयनका निवेदनतर्फ

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा परेका निवेदनहरूको जम्मा लगत ६४,६६७ (चौंसठ्ठी हजार छ सय सठ्सठी) रहेकोमा सोमध्ये ३२,२९९ (बत्तीस हजार दुई सय उनान्सौ) अर्थात् ४९.९५ प्रतिशत फछ्र्यौट भई ३२,३६८ (बत्तीस हजार तीन सय अठ्सठ्ठी) बाँकी रहेको छ।

## ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा उच्च अदालत एवम् इजलासहरू गरी १८ वटै अदालत तथा विशेष अदालत लगायतका सबै न्यायाधिकरणहरुको भौतिक रूपमै निरीक्षण सुपरिवेक्षणको कार्य सम्पन्न भएको छ।

## ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिका भाग ६६, २०८१ अंक ३ सम्म र सर्वोच्च अदालत बुलेटिन बर्ष ३२ पूर्णाङक ७५६ सम्म प्रकाशन गरी वेभसाइटमा प्रविष्ट गरिएको छ। २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेभपृष्ठमा राखिएको छ। यस्तै संवैधानिक इजलास खण्ड भाग १ देखि भाग ४ सम्म प्रकाशित गरिएको छ। प्रधान न्यायालय ऐन बमोजिम गठन भएको प्रधान न्यायालयबाट भएका फैसलाहरु बोधगम्य भाषामा उतार गरी सर्वोच्च अदालतको वेबपृष्ठमा अपलोड गरिनुका साथै "प्रधान न्यायालय" भाग १, अंक १ प्रकाशन गरिएको छ।

## ५. अभिलेख

सबै अदालतहरूमा गरी ४२ लाख ७१ हजार १३९ अभिलेख तथा चालु मिसिलहरु रहेका र ती मध्ये करिब २ लाख ५ हजार अभिलेख मिसिल स्क्यान गरी सफ्टवेयरमा अपलोड गरिएको छ।

## ६. वित्तीय विवरण

आर्थिक वर्ष २०८०/०८१ मा समग्र न्यायपालिकाको लागि जम्मा बिनियोजित बजेट रु. ८,३३,३०,०५,५१० (रु आठ अरब तेत्तिस करोड तीस लाख पाँच हजार पाँच सय १० मध्ये रु ६,९२,२४,४६,६०५ (रु. छ अर्ब बयान्नब्बे करोड चौवीस लाख छयालीस हजार छ सय पाँच) अर्थात् ८३% निकासा भई खर्च भएको छ।

## ७. न्यायपालिकामा विद्यमान समस्या तथा चुनौती र समाधानका उपायहरू संक्षेपमा

### न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

नेपालको संविधानले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य मान्यतालाई आत्मसात् गर्दै शक्तिपृथकीकरण र नियन्त्रण एवम् सन्तुलनको सिद्धान्तलाई अङ्गीकार गरेको छ। संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई संविधानको आधारस्तम्भको रूपमा स्थापित गरेको छ। तथापि, स्वतन्त्रता र स्वायत्तता संविधानमा समावेश हुँदैमा स्वतः प्रत्याभूत हुने विषयहरू होइनन्, त्यसको लागि राज्यका सम्बद्ध निकायको सोही अनुरूपको सोच, दृष्टिकोण र व्यवहार अपरिहार्य हुन्छ। स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मान्यताले

न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तता खोज्दछ। सोको अभावमा अदालतको बढ्दो कार्यचाप व्यवस्थापन, बक्यौता मुद्दा न्यूनीकरण, न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोग एवम् सेवा प्रवाहको प्रभावकारितालगायतका क्षेत्रहरूमा वाञ्छित सुधार गर्न सकिएको छैन। न्यायपालिकाको वित्तीय स्वायत्ततालाई सुनिश्चित गर्ने सन्दर्भमा विगतदेखि हालसम्म तयार गरिएका विभिन्न अध्ययन प्रतिवेदन, समय समयमा हुने वार्षिक समीक्षा एवम् राष्ट्रियस्तरका सम्मेलन तथा रणनीतिक योजनाहरूले समेत चासो र सरोकार व्यक्त गर्दै आएको भए तापनि उचित रूपमा सम्बोधन हुन सकिरहेको छैन।

वस्तुगत रूपमा प्रक्षेपण गरिएको बजेट अभावमा न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन सकिरहेको छैन। यसरी अपेक्षित बजेट प्राप्त हुन नसकेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ प्रत्येक वर्ष न्यायपालिकाका लागि विनियोजित भएको रकमसमेत राष्ट्रिय बजेटको बढोत्तरीको अनुपातमा बढ्नुको बदला झनझन घट्दो क्रममा रहेको छ। न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन प्राप्तिको विषय कार्यपालिकामा निर्भर रहने तथा उपलब्ध स्रोत साधनको परिचालन एवं जनशक्ति व्यवस्थापनसहितको प्रशासनिक स्वायत्तता नरहने विषय विगतदेखि नै न्यायपालिकाको गम्भीर चासो र सरोकारको विषय हो। यसर्थ कम्तीमा राष्ट्रिय बजेटको एक प्रतिशत न्यायपालिकालाई छुट्याउने सुनिश्चितता गरी यसको परिधिभित्र रही प्रस्ताव गरेको बजेट सामान्यतया परिवर्तन नहुने सुनिश्चितता हुनुपर्ने देखिन्छ।

## अदालतहरूको कार्यचाप व्यवस्थापन

अदालतहरूमा निरन्तर रूपमा वृद्धि भएको कार्यचापको सम्बोधनका लागि मुद्दा प्रवाह व्यवस्थापन, मुद्दाको टिपोट प्रणाली, कार्यालय समय विस्तार, मुद्दाको सुनुवाइ तथा बहसको समय व्यवस्थापनलगायत सर्वोच्च अदालतको पुराना बक्यौता मुद्दा न्यूनीकरणसम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। अदालतहरूमा मुद्दाको कार्यचाप कम गर्न अदालतहरूको क्षेत्राधिकारसम्बन्धी विद्यमान व्यवस्था, न्यायाधीशको विद्यमान दरबन्दी संख्यालगायतका संवैधानिक एवम् कानूनी व्यवस्थाहरूमा आवश्यक संशोधन तथा परिमार्जन गर्नुपर्ने अवस्था रहन्छ। सर्वोच्च अदालत लगायत कार्यचाप अधिक रहेका अदालतहरूमा अतिरिक्त समय इजलास सञ्चालन गर्नेतर्फ पनि ध्यान दिनुपर्ने देखिएको छ। यी सबै कार्यको व्यवस्थापनका लागि नियमित बजेटका अलावा थप बजेटसमेत आवश्यक पर्ने हुँदा विषयवस्तुको गाम्भीर्यतालाई विचार गरी आवश्यक रकम विनियोजन हुने विश्वास लिइएको छ।

## संवैधानिक इजलासको प्रभावकारिता

सर्वोच्च अदालतमा विचाराधीन अन्य मुद्दाको चापको कारण हप्ताको एक दिनमात्र संवैधानिक इजलास लाग्ने र नयाँ दर्ता भएका मुद्दामा सबै न्यायाधीशसहितको इजलासले प्रारम्भिक सुनुवाइ गर्नुपर्ने अवस्थासमेतका कारण स्वभावतः मुद्दाहरू फछ्र्यौटमा ढिलाई हुने परिस्थिति सिर्जना भएको छ। इजलासको प्रभावकारिताको लागि मुद्दा दर्तादेखि इजलास अधिकृतहरूको छुट्टै र विशिष्टीकृत समूह हुनुपर्ने नियमावलीको व्यवस्था भए पनि सोको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। संवैधानिक इजलासलाई थप प्रभावकारी बनाउन, मुद्दाको चाप र समय व्यवस्थापनसमेतलाई दृष्टिगत गरी छुट्टै संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक बजेट र जनशक्तिको व्यवस्थापनसहितको कार्य गर्ने वातावरण सुनिश्चित हुनुपर्नेमा त्यसो हुन सकेको छैन। यस इजलासको प्रभावकारीताको लागि न्यायपालिका एक्लैको प्रयासले मात्र सम्भव नहुने भएकाले सम्बद्ध सरोकारवालाहरूको सकारात्मक सहयोग अपेक्षित छ।

## न्यायमा पहुँच अभिवृद्धि

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाबाट असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप सुदृढीकरण गर्ने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन हुँदै आएका छन्। अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउनका लागि प्रत्येक जिल्ला, उच्च र सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको व्यवस्था गरी सेवा प्रदान गरिँदै आएको छ। स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) उपलब्ध गराउने कानून व्यवसायीलाई प्रोत्साहित गर्न सम्मान गर्ने, वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने मापदण्डसँग आबद्ध गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएको छ ।

न्यायमा पहुँच अभिवृद्धिका लागि पारिवारिक विवादसम्बन्धी मुद्दाहरूको सुनुवाइ सहज र छिटो छरितो बनाई न्याय निरूपण गर्न २०८० असोज २२ देखि काठमाडौं जिल्ला अदालतमा पारिवारिक इजलास गठन गरिएकोमा आर्थिक वर्ष २०८१/०८२ देखि मोरङ, धनुषा, कास्की, रूपन्देही र बाँके जिल्ला अदालतमा समेत पारिवारिक इजलास विस्तार गरिएको छ।

अदालतमा पीडितमैत्री कक्षको प्रभावकारी व्यवस्थापन गरी पीडितको सुरक्षा तथा आवश्यक परामर्श सूचना र प्राथमिक स्वास्थ्य उपचारको प्रबन्ध गर्नुपर्ने देखिएको छ। बढी कार्यचाप भएका अदालतहरूमा वैतनिक कानून व्यवसायी थप गर्नुपर्ने देखिएको छ। न्यायको पहुँचमा रहेका अवरोधका बहुआयामिक पक्षहरूलाई पहिचान गरी तिनको उपयुक्त ढंगबाट सम्बोधन हुनु आवश्यक छ। साथै, त्यस कार्यमा सम्बद्ध सबै निकायहरूको समन्वयात्मक प्रयास र साझा रणनीतिको अपरिहार्यता रहन्छ। अदालतको कार्यक्षेत्रअन्तर्गतका न्यायमा पहुँचसँग सम्बन्धित विषयहरूमा न्यायपालिकाले सम्बोधनका केही प्रयासहरू गरेको पनि छ। तर, यसप्रकारको समस्याको गहिराई र बाह्य परिस्थिति वा परिवेश एवम् राज्यका अन्य निकायहरूले खेल्नुपर्ने भूमिका वाञ्छित रूपमा निर्वहन हुन सकेको देखिँदैन। न्यायको पहुँचमा रहेका वास्तविक अवरोधहरूको पहिचान र प्राथमिकीकरण गरी सम्बोधन गर्न नसकिएको कारण न्यायमा पहुँच अभिवृद्धिको विषय अद्यापि चुनौतीपूर्ण रहेको छ।

## क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता

पीडित पक्षलाई क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता गरेको संवैधानिक प्रावधान व्यावहारिक रूपमा कार्यान्वयन गर्न र यसको प्रभावकारिताको लागि नेपाल सरकारबाट कोषमा पर्याप्त रकमको उपलब्धता हुनुपर्ने एवं मातहत अदालतहरूबाट संकलन भएको रकम समयमै पीडित राहत कोषमा जम्मा गरी आवश्यकताअनुसार पीडित पक्षलाई उपलब्ध गराउनुपर्ने देखिन्छ। यससम्बन्धी अवधारणा, मान्यता र कानूनी व्यवस्थालाई व्यवहारमा रूपान्तरण गर्न पीडित राहत कोषमा पर्याप्त बजेटलगायत सोको प्रभावकारी व्यवस्थापन र परिचालन हुनु आवश्यक हुन्छ। पीडितलाई क्षतिपूर्तिसहितको न्याय प्रदान गर्ने, कसुरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्नेसमेतको पुनर्स्थापकीय न्यायको मान्यताअनुरूपको व्यवस्थापनका लागि आवश्यक पर्ने बजेट, साधन स्रोत र पूर्वाधारको व्यवस्था र परिचालन तथा पीडितलाई पीडकबाट पुगेको हरेक प्रकारको क्षतिको समेत अनुसन्धान र अभियोजन गर्ने कार्यमा सम्बद्ध निकायको सहयोग जरूरी छ। पर्याप्त बजेट तथा स्रोत साधनको अभाव र सरोकारवालाहरूबाट यस विषयमा सम्पादित हुनुपर्ने कार्य र सहयोग वाञ्छित रूपमा हुन नसक्दा पीडितको क्षतिपूर्तिको व्यवस्थापन र परिचालनको विषयसमेत न्यायपालिकाको लागि चुनौतीको रूपमा रहेको देखिन्छ ।

## न्यायपालिकाको जनआस्था अभिवृद्धि

न्यायपालिका नागरिकको आस्था र विश्वासबाट जीवन्त रहने संस्था हो। त्यसैले, जनआस्था अभिवृद्धिका लागि न्यायपालिका सदैव संवेदनशील र क्रियाशील रहँदै आएको छ। न्यायमा सहज पहुँचको सुनिश्चिततासहित स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय, प्रभावकारी न्याय नै आमनागरिकको न्यायपालिकाप्रतिको अपेक्षा हो। सुशासन, जवाफदेहिता र उत्तरदायित्व लगायत न्यायिक मूल्य मान्यताको जर्गेना गर्दै ठोस् एवम् नतिजामूलक कार्यसम्पादनबाट नै न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि हुन सक्दछ भन्ने यस अदालतको मान्यता रहँदै आएको छ। यही मान्यताका आधारमा न्यायपालिकाबाट जनआस्था अभिवृद्धिका लागि विभिन्न कार्यहरू हुँदै आएका छन्। यसर्थ अदालतका कामकारवाही तथा सेवाप्रबाहमा गुणस्तरीयता अभिवृद्धि गर्न न्याय प्रशासनसँग सम्बद्ध निकाय र संस्थासमेतसँग निरन्तररूपमा अझै प्रभावकारी रूपमा छलफल, संवाद र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। यी सबै कार्यका लागि स्रोत साधनको उपलब्धता तथा सरोकारवालाहरूको सहयोग अपेक्षित हुन्छ।

## न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको समाप्तिसँगै पाँचौं पञ्चवर्षीय रणनीतिक योजना मिति २०८१ साल साउन १ गतेदेखि कार्यान्वयनमा आएको छ। न्यायपालिकाको सन्दर्भमा विगतका योजनाहरूमा योजना कार्यान्वयनको प्रतिवेदन, समीक्षा वा मूल्याङ्कनसम्बन्धी कार्य हुँदै आएको भए तापनि चालु पञ्चवर्षीय रणनीतिक योजनाबाट योजनाको अनुगमन र मूल्याङ्कनको स्पष्ट खाका र सो अनुरूपको अनुगमन तथा मूल्याङ्कन पद्धतिसमेतको थालनी भएको छ।

न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयनसम्बन्धी कार्यक्रम चालु सोह्रौं राष्ट्रिय योजनामा समावेश भए तापनि योजनाले लक्ष्य निर्धारण गरे अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नको लागि प्रक्षेपण गरिएको बजेट उपलब्ध हुन सकेको छैन। न्यायपालिकाको बजेट सिलिङको निर्धारण गर्दा न्यायपालिकासँग पर्याप्त समन्वयसमेत हुने गरेको छैन। पूर्वानुमानयोग्य बजेटको अभावमा योजनामा निर्धारित क्रियाकलापहरूको प्राथमिकीकरण र समग्र योजना प्रक्रियाले अपेक्षित गति लिन सकेको छैन। रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक कार्यक्रमहरू सञ्चालनका लागि प्रक्षेपण गरिएको बजेटलगायत स्रोत साधन र सहयोग त्यसको जिम्मेवारीमा रहने राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयबाट समयमा प्राप्त नहुनुलाई योजना कार्यान्वयनको चुनौतीको रूपमा लिइएको छ। यसर्थ, न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयनलाई प्राथमिकता दिई योजनाले प्रक्षेपण गरेको बजेटलगायतका स्रोत साधनको व्यवस्थापनमा ध्यान पुग्ने विश्वास गरिएको छ।

## फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयन

फरक किसिमका मुद्दाका लागि फरक फरक व्यवस्थापन पद्धति स्थापना गर्ने अवधारणासहित फरक मुद्दा व्यवस्थापनलाई चौथो पञ्चवर्षीय रणनीतिक योजना लागु भएसँगै मिति २०७७।०४।०१ गतेदेखि जिल्ला अदालतहरूमा र मिति २०७७।०५।०१ गतेदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु भई कार्यान्वयनमा आएको हो। हाल जिल्ला अदालत तथा उच्च अदालतहरूको लागि सम्बद्ध नियमावलीको व्यवस्था र फरक मुद्दा व्यवस्थापनसम्बन्धी दिग्दर्शन, २०७६ बमोजिम यो पद्धति कार्यान्वयनमा रहेको अवस्था छ। मुलतः सूचना प्रविधिमा आधारित यस पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि सूचना प्रविधिको पूर्वाधार विकास, इन्टरनेटको क्षमता अभिवृद्धि, सूचना प्रविधिमैत्री जनशक्ति विकास, सफ्टवेयर सञ्चालनको लागि सिप

हस्तान्तरण, क्षमता विकास र सूचना सम्प्रेषणलगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएकोले सोको लागि आवश्यक पर्ने थप बजेटको व्यवस्थासहित सम्बद्ध सरोकारवाला निकायहरूबाट आवश्यक समन्वय एवम् सहयोगको आवश्यकता देखिन्छ।

## फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि

फैसला कार्यान्वयन प्रभावकारी भई सेवाग्राहीलाई वास्तविक न्यायको अनुभूति हुन सकेमा यसले न्यायपालिकाप्रतिको आस्था एवम् विश्वासलाई थप प्रवर्धन गर्दछ। फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन रणनीतिक योजनामार्फत विभिन्न रणनीतिक उपायहरू अवलम्बन हुँदै आएको भए पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेकोले यसका लागि विशेषत सरकारवादी फौजदारी मुद्दाको कार्यान्वयनको लागि कार्यपालिकाको विशेष सहकार्य र समन्वय आवश्यक देखिन्छ।

## न्यायिक काम कारवाहीमा सूचना प्रविधिको प्रयोग

न्यायपालिकामा सूचना प्रविधिको विकास र प्रयोगलाई उच्च प्राथमिकतामा राखी यसको पूर्वाधार निर्माण र प्रणाली विकाससमेतका कार्यहरू हुँदै आएको भए तापनि यसको दिगो विकास र उपयोगको दिशामा अझै पनि थुप्रै समस्या र चुनौतीहरू रहेका छन्। न्यायपालिकामा मूलतः सूचना प्रविधिसम्बन्धी विस्तृत र दीर्घकालीन नीति भए पनि सो कार्यान्वयनको विषय सरकारको प्राथमिकतामा नहुनु, सूचना प्रविधिसम्बन्धी प्राविधिक जनशक्तिको स्थायित्व र उत्प्रेरणा अभिवृद्धि हुन नसक्नु, न्याय सम्पादन तथा अदालत व्यवस्थापनसम्बन्धी सफ्टवेयर अपेक्षित रूपमा निर्माण र प्रयोग हुन नसक्नु, सूचना प्रविधिसम्बन्धी नवीन पद्धतिको अवलम्बन तथा समयानुकूल सुधार हुन नसक्नु, सम्बद्ध निकाय र अदालतको प्रयोगकर्ताको सूचना प्रविधिसम्बन्धी वाञ्छित क्षमता र सहयोगको परिचालन हुन नसक्नु तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधार विकासको लागि आवश्यक पर्ने स्रोत साधनको पर्याप्त व्यवस्था हुन नसक्नु प्रमुख समस्या र चुनौतीको रूपमा रहेका छन्।

## भौतिक पूर्वाधार विकास एवं सुधार

न्यायपालिकाले भौतिक पूर्वाधार निर्माण र सुधारको दृष्टिकोणबाट थुप्रै समस्या र चुनौतीहरू भोग्नु परिरहेको अवस्था छ। अझै पनि कतिपय अदालतहरूको आफ्नै जग्गा र भवनमा समेत नरहेको, अदालतमा कार्यरत न्यायाधीश र जनशक्तिको अनुपातमा भवनहरू पर्याप्त र कार्यवातावरण अनुकुल नरहेको एवम् सबै न्यायाधीश तथा पदाधिकारीहरूको लागि आवश्यक पर्ने आवासको व्यवस्था समेत गर्न सकिएको छैन। अदालतको भौगोलिक अवस्थिति अनुसार वातानुकुलित कार्यवातावरणका लागि ए.सी., हिटर, पंखालगायतका भौतिक सामग्रीहरु र सबै अदालतको कामकारवाहीलाई चुस्त दुरुस्त बनाउन थप कम्प्युटर, प्रिन्टर एवम् स्क्यानर समेतको आवश्यक्ता पर्ने भएकाले सोको व्यवस्थापन गर्न लागि बजेटको न्यूनता लगायतका समस्या रहेका र सोको सम्बोधनका लागि आवश्यक बजेटको प्राप्ति र सोको समुचित व्यवस्थापन चुनौतिपूर्ण देखिन्छ।

## अदालत तथा न्यायाधिकरणहरूको क्षेत्राधिकार पुनरावलोकन

क्षेत्राधिकारको पुनरावलोकन बिना हाल सर्वोच्च अदालतमा रहेको अत्यधिक मुद्दाको चापलाई न्यून गर्न र शीघ्र न्यायको अवधारणालाई मूर्तरूप दिने कार्य दुरह देखिन्छ। तसर्थ, क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन गरी सबै मुद्दाको सुरू कारवाही र किनारा जिल्ला अदालतबाट प्रारम्भ भई उच्च अदालतको तहबाट अधिकांश मुद्दाहरूको अन्त्य हुने व्यवस्था गरिनु आवश्यक देखिन्छ। नेपालको संविधान तथा न्याय

प्रशासन ऐन, २०७३ ले अदालतहरूको क्षेत्राधिकारको सम्बन्धमा गरेको संवैधानिक र कानूनी व्यवस्था एवम् अदालतहरूको कार्यचापसमेतको विश्लेषण गरी अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन र आन्तरिक व्यवस्थापनमा हुनुपर्ने सुधारका विषयहरू पहिचान गर्नुपर्ने देखिन्छ। तसर्थ, विद्यमान कार्यचापसमेतका आधारमा अदालतहरूको क्षेत्राधिकार तथा दरबन्दी संरचनामा पुनरावलोकन एवम् विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको सेवा प्रवाहको प्रभावकारिताका लागि आवश्यक पर्ने सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यविधिको तर्जुमा लगायतका पक्षहरूमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलगायत अन्य सम्बद्ध निकायहरूबाट आवश्यक सहयोगको अपेक्षा गरिएको छ।

## मेलमिलाप पद्धतिको प्रभावकारिता

मेलमिलाप प्रक्रियालाई थप प्रभावकारी बनाई विवादको दिगो समाधानका लागि उपयुक्त विधि र प्रक्रियासहित हालको मेलमिलाप पद्धतिमा पुनरावलोकन हुनुपर्ने अनुभूति भएको छ। अदालतबाट हुने मेलमिलापको हालसम्मको अभ्यास र अनुभवको आधारमा मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउन मुद्दा दर्ता हुनुपूर्व नै मेलमिलापको प्रक्रियामा पठाउनेलगायत सो सम्बन्धी अन्य प्रक्रिया र ढाँचामा समयानुकूल परिवर्तन गर्नुपर्ने देखिएको छ। साथै, न्यायाधीश सम्मिलित मेलमिलाप प्रणाली (JDR) लाई समेत अवलम्बन गरी मेलमिलापको लागि अनुकूल वातावरण निर्माण गर्न अदालतका मेलमिलाप कक्षहरूको भौतिक सुधार तथा मुद्दा संख्याका आधारमा अदालतहरूमा मेलमिलाप कक्षहरू थप गर्ने र मेलमिलाप हुनसक्ने प्रकृतिका विचाराधीन मुद्दा सबै विशिष्टीकृत अदालत र न्यायाधिकरणहरूमा समेत मेलमिलाप केन्द्रको विस्तार गर्नुपर्ने देखिएको छ। यसको व्यवस्थापन नभएसम्मका लागि स्थानीय न्यायिक समितिका लागि निर्माण गरिएका मेलमिलाप कक्षहरूको पनि प्रयोग गर्न सकिने हुँदा सोको प्रयोगमा सहजता ल्याउनेतर्फ सम्बन्धित स्थानीय निकायसँगको सहकार्य आवश्यक हुँदा साधिकार निकायबाट सहयोग अपेक्षित छ।यसैगरी मेलमिलापकर्ताको परिवहन खर्च भुक्तानीको लागि आवश्यक रकम विनियोजनमा नेपाल सरकार, अर्थमन्त्रालयको सकारात्मक सहयोग अपेक्षित छ।

## अभिलेख तथा मिसिलको वैज्ञानिक व्यवस्थापन

अभिलेख तथा मिसिलको संरक्षणको कार्यलाई प्रभावकारी बनाउन सबै अदालतहरूमा Fumigation Chamber राख्न आवश्यक देखिएको छ। केन्द्रमा केन्द्रीय अभिलेखालयको र सबै प्रदेशमा एक एकवटा प्रदेशस्तरीय अभिलेखालयको स्थापना गरी सम्पूर्ण अदालतहरूको अभिलेख मिसिलको वैज्ञानिक ढंगले व्यवस्थापन गर्ने तथा विद्युतीय अभिलेख तयार गरी जुनसुकै अदालतका मिसिल कागजातको नक्कल सेवाग्राहीहरूले जहाँसुकैबाट सहज रूपमा प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्ने र माथिल्लो अदालतमा समेत सक्कल मिसिल पठाउन नपर्ने गरी सफ्टवेयर (Software) बाट नै हेर्न मिल्ने गरी व्यवस्थापन गर्ने लक्ष्यका साथ न्यायपालिकाले अगाडि बढाएको सुधार अभियानमा आवश्यक पर्ने बजेटलगायतको स्रोत साधनको लागि नेपाल सरकार, अर्थ मन्त्रालयको संवेदनशीलता र सकारात्मक दृष्टिकोण आवश्यक छ।

## न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि तथा वृत्ति विकास

जनशक्तिको परिचालनमार्फत नै संस्थाका लक्ष्य एवं उद्देश्य हासिल हुने भएकाले जनशक्तिको क्षमता विकास र अभिवृद्धि एक निरन्तर प्रक्रिया हो। तथापि, न्यायिक जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी तालिम एवम् वैदेशिक अध्ययन अवलोकन भ्रमणको तथ्यांक हेर्दा कार्यरत जनशक्तिले प्राप्त गरेको अवसर तुलनात्मक रूपमा सन्तोषजनक देखिँदैन। तसर्थ, नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक तथा स्वदेशी अध्ययन तथा तालिमको

छात्रवृत्तिहरूमा समेत न्यायपालिकामा कार्यरत जनशक्तिलाई समानुपातिक एवं न्यायोचित रूपमा प्राथमिकताका साथ अवसर उपलब्ध गराउनु पर्दछ। आगामी दिनमा न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेबमोजिमको न्यायिक जनशक्तिको व्यवस्थापन, क्षमता विकास र वृत्तिविकासमार्फत प्रतिस्पर्धी एवं क्षमतावान् जनशक्तिलाई न्यायपालिकामा टिकाइराख्न आवश्यक कार्यक्रमहरूको सञ्चालन गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलगायतका अन्य सम्बद्ध निकायहरूबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

## अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण

अदालत तथा न्यायिक र अर्धन्यायिक निकायको पुनरावेदन सुन्ने अदालतहरूबाट निरीक्षण गर्ने कार्य न्यायपालिकाको अन्तरनिहित वा अपरिहार्य जिम्मेवारीको रूपमा संस्थागत हुँदै आएको छ। प्रभावकारी निरीक्षण र अनुगमनबाट न्यायिक स्वच्छता कायम हुन गई मातहतका अदालतसमेतबाट प्रवाह हुने सेवाको प्रभावकारिता तथा गुणस्तरीयता कायम भई न्यायिक सुशासनको प्रबर्धनमा सहयोग पुग्दछ। अनुगमन र निरीक्षणलाई थप प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित अनुगमन प्रणालीलाई अवलम्वन गर्नुपर्ने हुँदा सोको लागि आवश्यक पर्ने उपकरणको व्यवस्थापनसहित तालीमको आवश्यकता रहेको देखिन्छ। यसैगरी अदालतहरूबाट अन्य अर्धन्यायिक निकायहरूको समेत निरीक्षण गरी निर्देशन दिने कानूनी व्यवस्थाबमोजिम निरीक्षण र निर्देशन हुने गरेकोमा त्यस्ता निर्देशनहरूको कार्यान्वयनमा सम्बद्ध निकायहरूको थप संवेदनशीलता र निर्देशन कार्यान्वयनको स्पष्ट प्रतिबद्धता आवश्यक देखिएको छ।

## बाल न्याय प्रणालीको प्रवर्द्धन

कानूनको द्वन्दमा परेका बालबालिकाको अधिकारहरूको सुनिश्चितता पनि बाल न्याय प्रणाली सवल र सुदृढ हुन आवश्यक छ। बालबालिका संलग्न मुद्दाको सुनुवाइ बालमैत्री वातावरणमा गर्नुपर्ने संवैधानिक एवम् कानूनी व्यवस्था तथा सर्वोच्च अदालतले समय समयमा बाल अदालत स्थापनाका लागि गरेको निर्देशनात्मक आदेश गरेको सन्दर्भमा बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारवाही, सुनुवाइ र किनारा गर्न प्रतिवेदन वर्षमा भक्तपुरमा बाल अदालतको स्थापना गर्ने कार्यसम्म अघि बढेको र हालै काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्राधिकार रहने गरी भक्तपुरमा बाल अदालत स्थापनाको निर्णय भई कार्यान्वयनको चरणमा रहेको छ। ऐनमा भएको व्यवस्थालाई कार्यान्वयनका लागि यस किसिमका बाल अदालतलाई अन्यत्रसमेत विस्तार गर्नुपर्ने देखिन्छ।

हाल सञ्चालनमा रहेका ९ वटा बाल सुधार गृहहरूको भौगोलिक अवस्थितिलाई हेर्दा न्यायोचित, सन्तुलित र न्यायिक प्रक्रियामा सहज पहुँच र सहभागी हुन सक्ने अवस्था देखिँदैन। बालसुधार गृहको प्रदेशगत अवस्थिति हेर्दा कर्णाली प्रदेशमा एउटा पनि बालसुधार गृह स्थापना हुन सकेको छैन। तसर्थ, बालबालिका पक्ष रहेका मुद्दाहरूको अनुपातमा उपयुक्त स्थानहरूमा बालसुधार गृह सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। यस कार्यमा नेपाल सरकारलगायत सम्बद्ध सरोकारवाला निकायहरूबाट सार्थक सहयोग र समन्वय हुनुपर्ने देखिन्छ।

## न्यायिक जनशक्तिको प्राप्ति र सेवाप्रतिको आकर्षण तथा सेवा सुविधा

अदालतहरूमा मुद्दाको कार्यचाप निरन्तर रूपमा वृद्धि हुँदै गएको छ। न्यायपालिकामा रणनीतिक योजना लागु भएको वर्ष अर्थात् वि.सं.२०६१ सालको तुलनामा हाल मुद्दा दर्ताको अनुपात तेब्बरभन्दा बढी सङ्ख्याले

वृद्धि भएको छ। कार्यचापको अनुपातमा जनशक्ति व्यवस्थापनको मान्यताअनुरूप वि.सं.२०७२ सालमा पछिल्लो पटक न्यायपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) भई वि.सं.२०७५ सालमा उक्त प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा आएको छ। उक्त सर्वेक्षण अनुरूप गरिएको जनशक्ति व्यवस्थापन हाल अपर्याप्त रहेकाले अदालतको बढ्दो कार्यचाप अनुसार जनशक्ति व्यवस्थापन गर्न यथाशिघ्र न्यायपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी अदालतको सेवाप्रवाहमा प्रभावकारीता ल्याइ कार्यरत जनशक्तिको वृत्ति विकासको अवसरलाई समेत फराकिलो बनाउनु पर्ने देखिन्छ।

## विशिष्टीकृत अदालत तथा न्यायाधिकरण

नेपालको संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न सङ्घीय कानूनबमोजिम विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। यसै व्यवस्था अनुरुप विशेष प्रकृतिका मुद्दाहरूको सुरू कारवाही तथा किनारा तथा पुनरावेदनको छिटो, छरितो तथा प्रभावकारी ढंगले सम्पादन गर्ने उद्देश्यले उल्लिखित विशिष्टीकृत अदालतहरू र न्यायाधिकरणहरूको स्थापना गरी सञ्चालनमा ल्याइएको छ। प्रतिवेदन वर्षमा उपभोक्ता अदालत स्थापनाको प्रक्रिया अघि बढी सञ्चालनमा ल्याउने तयारीको अन्तिम चरणमा रहेको छ।

हाल सञ्चालनमा रहेका यसप्रकारका विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको लागि जनशक्ति व्यवस्थापन, सेवा प्रवाहका लागि पर्याप्त भौतिक पूर्वाधार तथा स्रोत साधनको व्यवस्थापन हुन सकेको छैन। कतिपय अदालत तथा न्यायाधिकरणहरूमा स्थायी जनशक्ति र जग्गा तथा भवनहरूको समस्या रहेको छ। नियमित न्यायिक संरचना अन्तर्गतका अदालतहरूमा रहेको दरबन्दीमा कार्यरत न्यायाधीशहरूबाट तदर्थरूपमा सेवा प्रवाह हुँदै आएको छ। बजेट व्यवस्थापन, सफ्टवेयरहरूको निर्माण र सञ्चालन, अन्य मेसिनरी तथा सवारी साधनहरूको व्यवस्थापनमा समस्या देखिएको छ। तसर्थ विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवश्यक कार्यविधिको तर्जुमा, नियमित अनुगमन र सुपरिवेक्षणलगायतका अन्य पक्षहरूको यथोचित सम्बोधनका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायबाट आवश्यक समन्वय र सहयोगको अपेक्षा गरिएको छ।

## न्यायिक कोष ऐन, २०४३ को कार्यान्वयन

कोर्ट फी, दण्ड, जरिवाना, धरौटी वा जमानतको रकम फिर्ता गर्ने काम छिटो छरितो गराउन, अदालत भवन र न्यायाधीश तथा अदालतमा कार्यरत अन्य कर्मचारीहरूको आवास-भवन बनाउन तथा न्यायसम्बन्धी आवश्यक कार्यहरू गर्नसमेत आवर्ती कोष (Revolving fund) को रूपमा छुट्टै न्यायिक कोष स्थापना गर्ने उद्देश्यले न्यायिक कोष ऐन, २०४३ संवत् २०४३ साल कार्तिक २४ मा जारी भएको थियो। न्यायपालिकाको वित्तीय स्वायत्तताको प्रवर्द्धन गर्न यो कोषको कार्यान्वयन एउटा सहयोगी कदम हुन सक्दछ। ऐन जारी भएको करिब ३८ वर्षसम्म पनि कोष कार्यान्वयन नहुनु विडम्बनापूर्ण छ। यस विषयमा न्यायपालिकाबाट नियमावलीको मस्यौदासहित पटक पटक आग्रह गर्दासमेत सकारात्मक पहल र अपेक्षित परिणाम आउन सकेको छैन। न्यायपालिकाको सुधारका लागि आवश्यक बजेट उपलब्ध हुन नसकिरहेको सन्दर्भमा स्रोत साधनको कमीलाई केही हदसम्म भएपनि सम्बोधन गरी व्यवस्थापन गर्न न्यायिक कोष ऐन, २०४३ लागु गरी कोष सञ्चालनमा ल्याउन अपरिहार्य देखिएको छ। यसको लागि नेपाल सरकारले यथाशीघ्र न्यायिक कोष नियमावली तर्जुमा गरी तत्काल जारी गर्ने अग्रसरता लिनुपर्ने देखिन्छ।

अन्त्यमा, न्यायपालिकाले सञ्चालन गरेका सुधारका कार्यक्रम र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यी विषयहरूको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका दृढ विश्वास राख्दछ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। न्याय प्रणालीको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्की रूपमा हेरिनु हुँदैन। न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ। सरोकारवालाहरूबिच सहयोग र समन्वयको क्षेत्र पहिचान गरी समयसमयमा आपसी छलफल र परामर्शबाट परस्पर सहयोग र समन्वयको अवस्था सुदृढ हुँदै गएको महसुस पनि भएको छ।

अतः संविधान र प्रचलित कानूनबमोजिमको जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गर्न स्वतन्त्र न्यायपालिकासम्बन्धी स्थापित मूल्य र मान्यता अनुकूल हुने गरी आवश्यक स्रोत साधन उपलब्ध हुनुपर्दछ। अदालतहरूको बढ्दो कार्यचापको व्यवस्थापन, फैसला कार्यान्वयनमा प्रभावकारिता, फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयन, न्याय सम्पादनमा सूचना प्रविधिको अधिकतम उपयोग, न्यायमा पहुँच, मेलमिलाप पद्धति तथा बाल न्याय प्रणालीको प्रभावकारिता, संहिता कानूनहरूको प्रभावकारी कार्यान्वयन, न्यायाधीश तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि, अदालतको भौतिक पूर्वाधारको निरन्तर सुधारलगायत न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनमा न्यायपालिकाले लिएको अग्रसरता, अपेक्षा र सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वय थप प्रभावकारी हुनुका साथै न्यायिक काम कारवाहीमा क्रियाशील सम्पूर्ण माननीय न्यायाधीशज्यूहरु, अधिकृत तथा अन्य कर्मचारीसमेतबाट निरन्तर रूपमा थप सकारात्मक भूमिका निर्वाह हुने छ भन्ने विश्वास गरिएको छ।

२०७९।११।२६

सहरजिस्ट्रार/ प्रवक्ता

अच्युत कुईकेल

***सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन वेयवसाइटमा राखिसकिएको हुँदा सो सम्बन्धी विस्तृत विवरण supremecourt.gov.np मा हेर्न सकिनेछ।*** **धन्यवाद !**